नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा)

पत्र संख्या:-२०७६ ०७७
चलानी नं:- २८

मिति:-२०७६ ०४ ३०

विषय:- बाह्रौं पुस्तकालय दिवस मनाउने सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति (सबै) ।
श्री स्थानीय तह (सबै) ।

नेपाल सरकार, शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६ ४ २६, च.नं. ६ को बाह्रौं पुस्तकालय दिवस, २०७६ मनाउने सम्बन्धी पत्र यसैसाथ संलग्न छ । पत्रबाट व्यहोरा अवगत गर्नुभई दिवस मनाउने सन्दर्भमा आवश्यक व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

(जनकराज शर्मा)
शाखा अधिकृत

**बोधार्थ:-**
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गर्नुहुन ।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः- २०७६।०७७
चलानी नं.:- ६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

विषयः बाह्रौं पुस्तकालय दिवस, २०७६ मनाउने सम्बन्धमा ।

श्री सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा बाह्रौं पुस्तकालय दिवस (२०७६ भाद्र १५ गते) मनाउने सन्दर्भमा नेपालमा रहेका सबै किसिमका पुस्तकालयहरूको विकास र विस्तारमा संलग्न संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा मिति २०७६ साल साउन १४ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री खगराज बरालको अध्यक्षतामा बसेको बैठकले केन्द्रमा शिक्षा सचिवको अध्यक्षतामा मूल समारोह समितिको गठन गरिएको छ। समितिले सातवटै प्रदेशका सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत ७७ ओटै शिक्षा विकास तथा समन्व एकाइ तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् ७५३ ओटै स्थानीय तहमा अनुरोध गर्ने निर्णय गरेको छ।

जिल्लास्तरमा जिल्ला समन्वय समितिका सभापतिज्यूको संयोजकत्वमा शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख सदस्य-सचिव र आवश्यकताअनुसार अन्य सदस्य रहने गरी एक जिल्लास्तरीय पुस्तकालय दिवस मूल समारोह समिति गठन गर्न तथा स्थानीय तहमा सम्बन्धित तहका प्रमुखको अध्यक्षतामा पुस्तकालय दिवस समारोह समिति गठन गरी पुस्तकालयसँग सम्बद्ध स्थानीय स्तरमा सक्रिय रहेका गैहसरकारी संस्थाहरूको समेत सहभागिताभा पठन संस्कृतिको विकासमा सहयोग गर्न विविध कार्यक्रमको आयोजना गर्न तहाँबाट सम्बिन्धत सबै प्रदेश सरकार तथा स्थानीय तहमा परिपत्र गरिदिनुहुन अनुरोध गर्दछु।

दिवसका लागि तय गरिएको मूल नारा "**पठन संस्कृतिको पूर्वाधारः पुस्तकालयको विकास र विस्तार**" रहेको छ ।

खगराज बराल
सचिव